अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

थासाङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : १९ मिति :२०८१/१०/२७

## भाग – १

# थासाङ गाउँपालिका

# थासाङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८१

थासाङ गाउँसभामा पेश भएको मिति :- २०८१/१०/२७

थासाङ गाउँसभाबाट स्वीकृत मिति : २०८१/१०/२७

थासाङ गाउँपालिका

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम थासाङ गाउँपालिकाको गाउँ सभाले यो ऐन तर्जुमा गरी जारी गरेको छ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

क) यो ऐनको नाम थासाङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८१ रहेको छ ।

ख) यो ऐन थासाङ गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :**

१. बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

क) "ऐन" भन्नाले थासाङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८१ सम्झनु पर्छ ।

ख) "कार्यपालिका" भन्नाले थासाङ गाउँ कार्यपालिका सम्झनु पर्छ ।

ग) "गाउँपालिका" भन्नाले थासाङ गाउँपालिका सम्झनु पर्छ ।

घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभालाई सम्झनुपर्दछ।

ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियम बनाउने अधिकारः**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त थासाङ गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः**

(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही थासाङ गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

**आज्ञाले,**

**बिकाश परियार**

**प्रमुख प्रशासकीय अधिकृत**